# परिचय (Introduction)

## १. पृष्ठभूमि (Background)

रूपन्देही जिल्लाको दक्षिणी भागमा अवस्थित सिद्धार्थनगर नगरपालिका नेपाल र भारतको सिमानामा पर्ने पाँचवटा मुख्य प्रवेशद्वार मध्य एक महत्त्वपूर्ण पर्यटकीय, व्यापारीक र औद्योगिक केन्द्रको रूपमा स्थापित तथा भगवान गौतम बुद्धको बाल्यकालको नाम सिद्धार्थ (सर्वअर्थसिद्ध) बाट सम्बोधित यस नगरको पार्श्वचित्र तयार गर्ने जमर्को गरिएको छ । भैरहवा रूपन्देही जिल्लाको सदरमुकाम हो । हाल सिद्धार्थनगर नगरपालिका वडा नं. ७ मा पर्ने भैरहवा गाउँ नै पुरानो थलो हो । यसको नामकरण के कसरी भयो भन्ने शोध खोज गर्दा पाल्पामा अवस्थित भैरवथानको गुठी भएकोले भैरव भन्दै जाँदा यसमा हवा (स्थान) जोडेर भैरहवा भन्न थालिएको हो भन्ने परम्परा रहिआएको छ । रूपन्देही जिल्लाको सदरमुकाम बेथरीमा रहिआएकोमा वि.सं. १९९१ मा भैरहवामा सारिएका थियो । यहाँ रहेका विभिन्न स्मारक तथा कलावस्तुहरूले यसको पुरानो अस्तित्व प्रमाणित गर्न सघाएका छन् । सांस्कृतिक परम्परा र मान्यताहरू मानवीय आस्था, विश्वास, परम्परा, आदर्शता, साहित्य, भाषा, कला, धर्म, दर्शनादिको प्रतिबिम्ब र आध्यात्मिक जीवनको दर्पण भएकाले अभ्यस्त एवं पारखीपूर्ण नेत्रको निम्ति यी निधि खुला पुस्तकको रूपमा रहेका छन् । प्रत्येक वस्तु र परम्परामा मूर्त एवं अमूर्त संस्कृति प्रतिविम्बित हुन्छ । एक्काईसौं शताब्दीको फूर्सदिलो एवं मनोरञ्जनमा रमाउन चाहने मानवले विश्वको कुनाकाप्चामा पुगी प्राकृतिक एवं सांस्कृतिक सम्पदाको रसस्वादन गर्ने क्रममा यस्ता परम्पराहरू अत्यन्त आकर्षक एवं मनमोहक भएको तथ्य विशेष स्मरणीय छ । वि.सं. १९९० सम्म नगन्य रूपमा मात्र वस्तीहरू भएको यस नगरमा वि.सं. २०१० सालमा शान्तिनगरमा हवाई मैदान निर्माण भए पछि वस्ति विकासको गतिमा तीव्रता आएको पाईन्छ । यस नगर क्षेत्रमा १२३ भन्दा बढी मठ, मन्दिर, विहार, मस्जित, चर्च, गुम्बा आदि रहिआएका छन् । स्थानीय विकासमा जनसहभागिताको अपरिहार्यता रहेको तथ्य महसुस गरी स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली, २०५६ समेत प्रभावकारी रहेको छ । यस स्थानीय स्वायत शासन ऐन र नियमावलीमा योजना तर्जुमाका निमित्त नगरपालिकाको अद्यावधिक पार्श्वचित्र तथा श्रोत नक्साहरूको प्रयोग गर्नु पर्ने व्यवस्था रहेको हुँदा नगरपालिकाको सर्वाङ्गिण विकासको लागि योजनाकर्ता तथा विकासकर्तालाई सवै क्षेत्रको वस्तुस्थितिको जानकारी हुनुपर्दछ । जसको लागि तथ्याङ्क एवं सूचनाको आवश्यकता पर्दछ । यसले विकासको अवधारणालाई सहभागितात्मक र प्रजातान्त्रिक प्रक्रियासंग आवद्ध गर्न सहयोग पुऱ्याउने देखिन्छ । स्थानीय जनसहभागिताको आधारमा स्थानीय साधन र स्रोतको अधिकतम उपयोग, आफ्नो आवश्यकता आफै पहिचान गर्ने, स्वयं कार्यान्वयन, आन्तरिक प्रविधि र सीपको उपयोग तथा निर्णय प्रक्रियामा स्वयं संलग्न रहने जस्ता व्यवहारको विकास र विस्तार गर्न पारदर्शिताको समेत आवश्यकता पर्दछ । प्रत्येक नागरिकलाई आफ्नो योग्यता र क्षमताको आधारमा विकास निर्माण कार्यमा संलग्न गराउने प्रजातान्त्रिक वातावरण सिर्जना गर्न गराउनमा विकासका पूर्वाधारहरु जस्तैः- शिक्षा, स्वास्थ्य, सञ्चार, यातायात, विद्युत्, पिउने पानी, सामाजिक सुरक्षँ, आर्थिक अवस्था, वातावरण आदि पक्षको जानकारी आवश्यक पर्ने हुँदा बस्तुगत विवरण उपयोगी हुने गर्दछ ।

# सिद्धार्थनगर नगरपालिका: एक संक्षिप्त चिनारी

१. भौगोलिक अवस्थिति

देशान्तर: ८३° २६' पूर्वी

अक्षांस: २७° ३१' उत्तर

२. क्षेत्रफल: ३६.०३ व.कि.मी.

३. उचाई: ११० मिटर समुद्रसतहबाट

४. सिमाना: पूर्व: बगाहा र बसन्तपुर गा.वि.स., पश्चिम: हाटी बनगाई गा.वि.स.

उत्तर: पडसरी र फर्सांटिकर गा.वि.स., दक्षिण: सुनौली (महाराजगञ्ज जिल्ला, भारत)

५. भू–उपयोग:

| **क्र.सं.** | **वर्गीकरण** | **क्षेत्रफल (हेक्टर)** | **प्रतिशत** |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | २९६५ | ८२.२९% |
| २. | आवास क्षेत्र | ३११ | ८.६३% |
| ३. | बजार क्षेत्र | ५५ | १.५३ % |
| ४. | अन्य क्षेत्र | २७२ | ७.५५% |

६. नदीनालाहरू: डण्डा र घाघरा खोला
७. हावापानी: उष्णप्रदेशीय
८. अधिकतम तापक्रम: ४५.२° सेल्सियस (वैशाख/जेष्ठ)
९. न्यूनतम तापक्रम: २.४° सेल्सियस (सन् २०११/१/१२, २०६७ पुस/माघ)
१०. औसत वर्षा: १४३६.५ मि.मि.
११. धेरै वर्षा: साउन/ भाद्र महिना
१२. राजनीतिक/प्रशासनिक विभाजन

निर्वाचन क्षेत्र नं. २ मा रहेको, १३ वटा वडामा विभाजित

१३. जनसंख्या (२०६८):

जम्मा जनसंख्या: ६३४८३

महिला: ३१८१०

पुरूष: ३१६७३

जम्मा घरधुरी संख्या: १२,४९७

घरपरिवारको औषत सदस्य संख्या: ५.०७

जनघनत्व: ३०१२ जना प्रति वर्ग कि.मीं

पुरूष महिला अनुपात: १.०५

१४. प्रमुख ५ जाति: ब्राह्मण (पहाडी), मुसलमान, क्षेत्री, मगर, गुरूङ्ग

१५. धर्म: हिन्दू, इस्लाम, बौद्ध,

१६. घटना दर्ता

- जन्म दर्ता : पुरुष ९७८ महिला ९०२ जम्मा १,८८०
- मृत्यु दर्ता : पुरुष १६४ महिला १२६ जम्मा २९०
- विवाह दर्ता : जम्मा ७६७
- बसाई सराई दर्ता : जम्मा २७६
- सम्बन्ध बिच्छेद : जम्मा ८

१७. जम्मा साक्षरता: **७८.९४%**

१८. सामुदायिक विद्यालय:

प्रा.वि. संख्या:, ६
नि.मा.वि. संख्या:३,
मा.वि. संख्या: ६

१९. संस्थागत विद्यालय:

प्रा.वि. संख्या: ५
नि.मा.वि. संख्या: २
मा.वि. संख्या: १६

२०. मदर्सा: १०

२१. उच्च मा.वि.:

सामुदायिक: २
संस्थागत: ४

२२. क्याम्पस:

सामुदायिक: ४
संस्थागत: ६

२३. रंगशाला/खेलमैदन: सिद्धार्थ रंगशाला,

२४. सिटी हल: सभा गृह सि.न.पा वार्ड नं. १३

२५. जिल्ला अस्पताल: भीम अस्पताल, शैया संख्या: २५ (स्वीकृत) संचालित ५० वेड, डाक्टरको

**दरबन्दी संख्याः ६ जना,**

**२६. संस्थागत अस्पतालः लुम्बिनी रण-अम्बिका शाह आँखा, श्री कृष्ण नेत्रालय,** लुम्बिनी नेत्रालय, युनिभर्सल कलेज अफ मेडिकल साईन्सेज शिक्षण अस्पताल, युनिभर्सल कलेज अफ डेण्टल सर्जरी, **मर्चवार पोलीक्लिनिक प्रा.लि, भैरहवा हस्पिटल प्रा.लि., सिद्धार्थनगर सीटी हस्पिटल प्रा.लि.**

**२७. एम्बुलेन्स सेवाः ८ वटा**

**२८. खानेपानी तथा सरसफाईः**

**फोहरमैला संकलनः दैनिक करिब २१ टन**

**स्थायी डम्पिङ साइटः निर्माणाधिन अवस्थामा रहेको (जग्गा खरीद भईसकेको)**

**२९. सडक तथा ढल**

**सडक पिच : ५५.९२ कि.मि.**

**ग्रेभल : ९०.३७ कि.मि.**

**मुख्य ढल : १४.०६ कि.मि.**

**सहायक ढल : ३५.० कि.मि.**

**३०. बसपार्कः नगरपालिकाको वडा नं. ३ मा सिद्धार्थ बस टर्मिनल**

**३१. विमानस्थलः गौतमबुद्ध विमानस्थल वडा नं. ४ विमानघाट पथ**

**३२. सञ्चार प्रणाली**

**टेलिफोन (वितरण): ९८११०**
**हुलाकः जिल्ला हुलाक कार्यालय**
**पत्रपत्रिका/सूचना केन्द्रः**
**टेलिभिजन नेटवर्कः २ वटा**
**एफ.एम.: २ वटा**
**सिनेमा हल २**

**३३. सुरक्षा भत्ता वितरणः १०५२ जेष्ठ नागरिक संख्याः, ४४९ असहाय विधवाः, १५ अपाङ्गः,**

**३४. खेति उत्पादन क्षेत्र**

खेती उत्पादन क्षेत्र :– १९५२ हेक्टर

| | |
|---|---|
| धान | : १६३५ हेक्टर, ५५.१४% |
| गहुँ | : ८३६ हेक्टर, २८.१९% |
| तेलहन | : ३०८ हेक्टर, १०.३९ % |
| दलहन | : ७५ हेक्टर, २.५३% |
| आलु | : ४८ हेक्टर, १.६२% |
| तरकारी | : २२ हेक्टर, ०.७५% |

अन्य : ४१ हेक्टर, १.३८%

३५. खानापकाउने मुख्य इन्धन: ग्यास, मट्टितेल

३६. बारुणयन्त्र: ४ वटा (चालु हालतमा ३ वटा)

## ५. स्थापना

भैरहवा नगर पञ्चायत गठन : वि.सं. २०२४ (सन् १९६७)
सिद्धार्थनगर नगर पञ्चायत नामकरण : वि.सं. २०३४ (सन् १९७७)
सिद्धार्थनगर नगरपालिका : वि.सं. २०४७ जेष्ठ २८ गते (सन् १९९०)


## ६. अवस्थिति (Location)

नाम : सिद्धार्थनगर नगरपालिका
विकास क्षेत्र : पश्चिमाञ्चल
अञ्चल : लुम्बिनी
जिल्ला : रूपन्देही
वडा संख्या : १३ वटा
अक्षांश : २७° ३१’ उत्तर
देशान्तर : ८३ ° २६’ पूर्वी

**७. कुल क्षेत्रफल** : ३६.०३ वर्ग कि.मी.

यो नगरपालिकाको क्षेत्रफल रूपन्देही जिल्ला (१३६० वर्ग कि.मी.) को २.६४% र नेपालको कूल भू–भाग (१४७१८१ वर्ग कि.मी.) को ०.०२४ % रहेका छ ।

| **क्र.सं.** | **वर्गीकरण** | **क्षेत्रफल (हेक्टर)** | **प्रतिशत** |
|---|---|---|---|
| १. | कृषि क्षेत्र | २९६५ | ८२.२९% |
| २. | आवास क्षेत्र | ३११ | ८.६३% |
| ३. | बजार क्षेत्र | ५५ | १.५३ % |
| ४. | अन्य क्षेत्र | २७२ | ७.५५% |




उचाई : ११० मिटर समुद्रसतहबाट

## ८. मौसम (Weather)

| | | |
|---|---|---|
| हावापानी | : | उष्णप्रदेशीय |
| अधिकतम तापक्रम | : | ४५.२° सेल्सियस (वैशाख/जेष्ठ) |
| न्यूनतम तापक्रम | : | २.४° सेल्सियस (सन् २०११/१/१२, २०६७ पुस/माघ) |
| औसत वर्षा | : | १४३६.५ मि.मि. |
| धेरै वर्षा | : | साउन/ भाद्र महिना |

## ९. सिमाना (Border)

| | | |
|---|---|---|
| पूर्व | : | बगाहा र बसन्तपुर गा.वि.स. |
| पश्चिम | : | हाटी बनगाई गा.वि.स. |
| उत्तर | : | पडसरी र फर्साटिकर गा.वि.स. |
| दक्षिण | : | सुनौली (महाराजगञ्ज जिल्ला, भारत) |